आज मिति २०८२ पुष ०७ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको ९४ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मान बहादुर ठाडा | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत (अधिकृतस्तर सातौं) |
| श्री सरिता हमाल | सूचना प्रविधि अधिकृत |
| श्री कुल बहादुर खड्का | प्रशासकीय अधिकृत |
| श्री सुशिला बि.सी. | कार्यालय सहयोगी |

## मिति २०८२।०९।०७ गतेको नगर कार्यपालिका बैठकमा भएका निर्णयहरु:

**प्रस्ताव नं. १: जनता आवास कार्यक्रमको लागि भवन सिफारिस सम्बन्धमा ।**

निर्णय नं. १: कर्णाली प्रदेश सरकारको जनता आवास कार्यक्रम तथा विपन्नको घर कार्यक्रम अन्तर्गत आव २०८२।०८३ का लागि वडाबाट सिफारिस भै आएका तपसिल अनुसारका लाभग्राही व्यक्तिहरुका भवन निर्माण गर्नका लागि कर्णाली प्रदेश सरकार पूर्वाधार विकास निर्देशनालयलाइ सिफारिस गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | पदमबहादुर कार्की | भेरीगंगा नगरपालिका वडा नं. १ | |
| २ | रनबहादुर सार्की | भेरीगंगा नगरपालिका वडा नं. २ | |
| ३ | गणेश बि.क. | भेरीगंगा नगरपालिका वडा नं. ३ | |
| ४ | इन्द्रबहादुर बि.क. | भेरीगंगा नगरपालिका वडा नं. ४ | |
| ५ | प्रकाश बादी | भेरीगंगा नगरपालिका वडा नं. ५ | |
| ६ | पार्वती सुनार | भेरीगंगा नगरपालिका वडा नं. ६ | |
| ७ | जैकुवँरा बादी | भेरीगंगा नगरपालिका वडा नं. ७ | |
| ८ | सिउराम सुनार | भेरीगंगा नगरपालिका वडा नं. ८ | |
| ९ | धनसरा दमाई | भेरीगंगा नगरपालिका वडा नं. ९ | |
| १० | बुदी बादी | भेरीगंगा नगरपालिका वडा नं. १० | |
| ११ | बालकुमारी बादी | भेरीगंगा नगरपालिका वडा नं. ११ | |
| १२ | शसिला खड्का | भेरीगंगा नगरपालिका वडा नं. १२ | |
| १३ | कृष्णबहादुर वली | भेरीगंगा नगरपालिका वडा नं. १३ | |

**प्रस्ताव नं. २ : संघीय समपुरक र विशेष अनुदानका आयोजना सिफारिस सम्बन्धमा ।**

निर्णय नं. २ : आव २०८३।०८४ का लागि संघीय सरकारको तर्फबाट यस नगरपालिकालाई प्राप्त हुने समपुरक तथा बिषेश अनुदानका आयोजनाहरु आगामी बैठकबाट सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ : विविध सम्बन्धमा ।

निर्णय नं. ३ (क) : सडक डिभिजन सुर्खेतको च. नं. ३३६ मिति २०८२।०८।२९ गतेको पत्रबमोजिम सडक डिभिजन सुर्खेतको खरिद सम्झौता नं.RDSKT/33701176-4/078/079-51 अन्तर्गत छिन्चु–घारिबन–काल्चे सडक निर्माण कार्यका लागि निर्माण सम्झौता गरेको **Kankai Ganapati JV** ले उक्त आयोजना समयमा सम्पन्न गर्नका लागि यस भेरीगंगा नगरपालिकाको वडा नं. ०९ ठुलोजात्रीको भेरी नदी किनारमा अस्थायी क्रसर प्लान्ट सन्चालन गर्न सिफारिस माग गरेकोमा क्रसर उद्योगको अनुमती दर्ता तथा नियमन सम्बन्धि प्रकृया तथा मापदण्ड २०८० को दफा ३ र ढुंगा,गिट्टी उत्खनन,बिक्री तथा वितरण सम्बन्धी मापदण्ड, २०७७को दफा ११ को उपदफा २,३,४,५,६,७,८,९,१०,११,१२ र १३ तथा पहिलो संशोधन, २०७९ को दफा १३ उपदफा १ बमोजिम क्रसर प्लान्ट सन्चालनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

निर्णय नं. ३ (ख) : यस भेरीगंगा नगरपालिकाका बिभिन्न घटनामा परेका तपसिलबमोजिका व्यक्तीहरुलाई तपसिलबमोजिमको आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

१. भेरीगंगा नपा वडा नं. १३ बस्ने धनबहादुर बुढाको घाँस काट्ने मेसिनबाट करेन्ट लागि निधन भएकोले निजका परिवारलाइ काजक्रिया खर्च वापत रु ५० हजार आर्थीक सहयोग गर्ने ।

२. भेरीगंगा नपा वडा नं. २ बस्ने दुर्गबहादुर बादीको भेरी नदिमा डुबी निधन भएकोले निजका परिवारलाइ काजक्रिया खर्च वापत रु ५० हजार आर्थीक सहयोग गर्ने ।

३. भेरीगंगा नपा वडा नं. ११ बस्ने मानकुमारी कामीको मेरुदण्ड पक्षघात भएकोले उपचारका लागि रु १ लाख आर्थीक सहयोग गर्ने ।

निर्णय नं. ३ (ग) : यस भेरीगंगा नगरपालिकाका बिभिन्न विद्यालयहरुमा अध्यापन गराइने कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय विषय अन्तर्गतका पाठ्यपुस्तकहरु छपाइ गरी बेचविखन गर्नका लागि इच्छुक छापाखानाले नगरपालिकालाइ तपसिल अनुसार अनुमति दस्तुर तिर्नुपर्ने र सोको लागि नगरपालिकाले इकपी उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

तपसिल

कक्षा १ देखि कक्षा ५ सम्मका लागि रु १२ हजार

कक्षा ६ देखि कक्षा ८ सम्मका लागि रु १५ हजार

CamScanner

**निर्णय नं. ३ (घ)** : यस भेरीगंगा नगरपालिका वडा नं ३ मा लिस्प परियोजनाको साझेदारीमा सिसेनी खोला देखि वडा कार्यालय सम्म सडक स्तारुन्नती (ठेक्कानं.BGM/NCB/2081/082-36) कार्यका लागि मिति २०८२/०१/१५ गते विधुतीय बोलपत्र माध्यम द्वारा प्रकाशित सूचना अनुसार मिति २०८२/०२/१४ गते सम्ममा दर्ता भएका बोलपत्रहरुलाई मुल्यांकन गर्दा श्री विर्ख निर्माण सेवा, भेरीगंगा ४ सुर्खेतले न्युनतम् रकम कबोल गरि सम्झौताका लागि उपस्थित भएकोमा निर्माण गरिने क्षेत्रको भौगोलिक अवस्था, मौसमले पुराएको प्रतिकूलता, तथा अन्य विविध कारणवस उक्त ठेक्का सम्झौता हुन नसकेको हुदा सो ठेक्का प्रक्रिया रद्ध गरि सम्झौता वखत पेश पुन आएको कार्यसम्पादन जमानत फुकुवा गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**निर्णय नं. ३ (ङ)** : यस भेरीगंगा नगरपालिका अन्तर्गतका तपसिलबमोजिमका विभिन्न अपांगता भएका व्यक्तीहरुलाई भवन र सौचालय निर्माण गर्न प्राविधिक स्टिमेटबमोजिम लाग्ने रकम आर्थिक सहयोग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

<u>तपसिल</u>

१. प्रेमकला खत्री भेरीगंगा १२ राजीगाँउ सौचालय र भान्सा निर्माण गर्न ।

२. धनपति भण्डारी भेरीगंगा ५ तोलीखोला भवन निर्माण गर्न ।